# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १२ मितिः २०८१/०४/२५

## भाग -२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## रामपुर नगरपालिकाको बजार क्षेत्र भित्रको यातायात व्यवस्थापन तथा पार्किङ कार्यविधि २०८१

प्रस्तावनाः रामपुर नगरपालिकाको बजार क्षेत्र भित्रको यातायात व्ययवस्थापन तथा पार्किङ सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाई बजार क्षेत्र भित्र सर्वसाधारणको आवागमनलाई सहज बनाउन रामपुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न ऐनको दफा ४ बमोजिम यो कार्यविधि तयार गरिएको छ।

**१.संक्षिप्त नामः** यो कार्यविधको नाम **"बजार क्षेत्र भित्रको यातायात व्यवस्थापन तथा पार्किङ कार्यविधि २०८१"** रहनेछ ।

**२.प्रारम्भः** यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी प्रारम्भ हुनेछ ।

**३.परिभाषा र व्याख्याः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले रामपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले रामपुर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "सभा" भन्नाले नगरपालिकाको सभालाई सम्झनु पर्दछ ।

(च) "प्रमुख" भन्नाले नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "उप-प्रमुख" भन्नाले नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख पशासकीय अधिकृत" भन्नाले नगरपालिका कार्यालयको कर्मचारीको प्रमुख अधिकृतको रुपमा कामकाज गर्न खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) "वडा अध्यक्ष" भन्नाले तत् वडाबाट निर्वाचित वडा अध्यक्ष सम्झनु पर्दछ ।

(ञ) "बसपार्क" भन्नाले रामपुर नगरपालिकामा रहेको बसपार्कलाई जनाउनेछ ।

(ट) "पार्किङ्ग" भन्नाले नगरपालिकाले तोकेको स्थान तथा क्षेत्रमा निजी र सार्वजनिक सवारी साधन पार्क गर्ने स्थानलाई जनाउनछ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ड) "बजार क्षेत्र" भन्नाले नगरपालिकाको वडा नं ५ को बाङ्गेपसल देखि गणेशमान चोक, वेझाँड बजारचोक, स्कुलरोड हुँदै शहिद पार्क चोक, बसपार्क क्षेत्र, पेट्रोल पम्प,नहर अफिस रोड ,नमुना

सडक भन्दा सम्मको क्षेत्र,कामना सेवा विकास बैंक हुँदै सहकारी पथ, दरैलाईन, गणेशमान चोक वेझाँड बजार चोक सम्मको सबै क्षेत्रलाई जनाउछ ।

**४.यातायात व्यवस्थापन तथा पार्किङ समितिः**

१.यस कार्यविधिमा भएका व्यवस्थाहरु कार्यान्वयन गर्न तपसिल बमोजिमको बजार क्षेत्र पार्किङ्ग व्यवस्थापन समिति गठन गरिने छः-

| | |
|---|---|
| क) रामपुर नगरपालिकाका नगर प्रमुख | - संयोजक |
| ख) सम्बन्धित वडाको वडा अध्यक्ष | - सदस्य |
| ग) सम्बन्धित वडामा खटिने ट्राफिक प्रहरी प्रमुख | - सदस्य |
| घ) यातायात व्यवसायी समिति मध्यबाट | - १ जना सदस्य |
| ङ) बजार व्यवस्थापन समिति वा सम्बन्धित संस्थाको प्रतिनिधि | - १ जना |
| च) सम्बन्धित क्षेत्रका सामाजिक संघ संस्था /युवा क्लवहरुबाट कार्यपालिकाले तोकेको | -१ जना |
| छ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

२. समितिको काम कर्तव्य र अधिकार- यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

क) बजार क्षेत्रमा पार्किङ स्थल तोक्नेछ ।

ख) बसपार्कमा सवारी प्रवेश र बाहिरिने रुट समेत निर्धारण गर्ने छ।

ग) पार्किङ शुल्क निर्धारण गर्ने छ ।

घ) पार्किङ स्थलको व्यवस्थापन गर्ने छ ।

ङ) कारबाहीको अन्तिम निर्णय गर्ने छ ।

च) आवश्यक परेको बेला जुनसुकै समयमा बैठक आव्हान गर्न सक्ने छ ।

**५.बस पार्क सन्चालन सम्बन्धी व्यवस्थाः**

क) सबै यातायात व्यवसायीहरुले आ आफ्नो काउन्टर बसपार्कमा लानु पर्नेछ ।

ख) बसपार्कवाट ईन्ट्रीपास जारी हुने व्यवस्था मिलाईने छ ।

ग) ईन्ट्रीपास परीक्षणका लागि बेझाँड बजारको प्रहरी विटमा चेकिङ प्वाईन्ट राखी चेक गर्ने व्यवस्था मिलाईनेछ।चेकिङको समयमा माग गरेका कागजपत्र सहज रुपमा देखाउनु सम्बन्धित सवारी धनिको कर्तव्य हुनेछ । सवारी साधनको छुट पुर्जि र बसपार्कको छुटपुर्जी संगै चेक गरिने छ।

घ) ईन्ट्री पास तथा चेकिङ प्वाईन्टहरुमा आवश्यक सहयोगको लागि स्थानीय सुरक्षा संयन्त्रको सहयोगको लिन सकिनेछ ।


Email : rampurmunicipality@gmail.com/info@rampurmun.gov.np
Website: rampurmun.gov.np

ङ) ईन्ट्रीपास तथा चेकिङ प्वाईन्टमा चेकिङ गरेको अभिलेख रजिष्टरमा राखिनेछ ।

च) यात्रुवाहक सवारी साधनले बजार क्षेत्र भित्र यातायात व्यवस्थापन तथा पार्किङ समितिले तोकेको स्थानमा मात्र यात्रु चढाउने र ओराल्ने गर्नु पर्नेछ । उक्त स्थानहरुमा १० मिनेट भन्दा बढी सवारी रोक्न पाईने छैन ।

### ६. पार्किङ सम्बन्धी व्यवस्था

क) सबै सवारी साधन तोकिएको स्थान भन्दा अन्यत्र स्थानमा पार्किङ गर्न पाईने छैन ।

ख) बजार क्षेत्रमा मोटरसाईकल पार्किङको लागि पार्किङ क्षेत्र निर्धारण गर्ने व्यवस्था मिलाई त्यसको बारेमा पर्याप्त सूचना जारी गरिनेछ ।

ग) बजार क्षेत्र भित्र पार्किङ्ग निषेध गरिएको क्षेत्रमा कुनै पनि किसिमको सवारी साधन पार्किङ्ग गर्न पाईने छैन साथै बजार क्षेत्रमा तोकिएको स्थान भन्दा अन्य स्थानमा ठुला सवारी साधन पार्किङ गर्न पाईने छैन।

घ) पार्किङ्ग निषेध गरिएको स्थानमा सवारी साधन पार्किङ गरेको पाईएमा पटकै पिच्छे रु १,०००(एक हजार रुपैयाँ) जरिवाना गरिनेछ ।मोटर साईकलको हकमा पटकै पिच्छे रु एकसय जरिवाना गरिनेछ ।

ङ) एउटै गाडी ३ पटक सम्म फाईन काट्दा पनि अटेर गरेमा रु पाँच हजार जरिवाना गरिनेछ । मोटर साईकलको हकमा यस्तो जरिवाना रकम रु २,०००( दुई हजारर रुपैयाँ )हुनेछ ।

### ७. भेन सम्बन्धी व्यवस्था

क) नगरपालिकामा सन्चालन हुने सबै भेनहरु नगरपालिकामा दर्ता भएको हुनुपर्नेछ ।

ख) भेन पार्किङको लागि आवश्यक स्थानको व्यवस्थापन गर्नुपर्ने छ ।

### ८. अटो सम्बन्धी व्यवस्था

क) नगरपालिका भित्र चल्ने टेम्पोहरु स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा ४ ट १ ले दिएको अधिकार बमोजिम बनेको कार्यविधि अनुरुप अनिवार्य रुपमा नगरपालिकामा दर्ता हुनु पर्नेछ।

ख) दर्ता नभएका अटो नियन्त्रणका सम्बन्धमा कार्यपालिका तथा नगरसभाको निर्णय बमोजिम आवश्यक कार्य गरिनेछ ।

ग) नगरपालिकाले तोकेको स्थानमा अटो पार्क गर्नु पर्ने छ ।

घ) बजार क्षेत्रमा र बजारका गल्लीहरुमा नम्बरको आधारमा टेम्पो संचालन गरिने छ ।

ङ) बसपार्कमा नियमित रुपमा पालो मिलाई टेम्पो रहने आवश्यक व्यवस्था मिलाईने छ ।

**९. मालवाहक सवारी साधन लोडिङ अनलोडिङ सम्बन्धी व्यवस्थाः**

क) मालवाहक साधनले हरेक दिन बिहान ४ वजे देखी बिहान ९.०० बजे सम्म र दिनको ५.०० बजे देखी बेलुका ९ वजे सम्म अनलोड वा लोड गर्ने व्यवस्था गर्नुपर्ने छ।

ख) शुक्रवारका दिनको हकमा बिहान ४ वजे देखी बिहान ९.०० बजे सम्म र दिनको २.३० बजे देखी बेलुका ९ वजे सम्म अनलोड वा लोड गर्ने व्यवस्था गर्नु पर्ने छ ।

ग) खण्ड क र ख मा उल्लेख भए बमोजिम लोड अनलोड गर्न नपाउने समयमा यातायात सवारी साधनले बजार क्षेत्रको सडकमा सवारी प्रवेश गराउन वा चलाउन पाईने छैन ।उक्त समयमा वैकल्पिक सडकको प्रयोग गरेर बजार क्षेत्रबाट बाहिरिनु पर्नेछ ।

घ) मालवाहक साधनले लोड अनलोड गर्दा आफ्नो साईडमा गर्नुपर्नेछ ।साथै उक्त समयमा पर्किङ्ग शुल्क तिरेको रसिद अनिवार्य रुपमा लिनु पर्नेछ ।

१०) **पार्किङ्ग स्थल निर्धारण सम्बन्धी व्यवस्थाः** सवारी साधन पार्किङ्गका लागि बजार क्षेत्रमा देहाय बमोजिमको स्थान निर्धारण गरिनेछ ।

क) **बसः** नगरपालिका क्षेत्र भित्र भित्रिने लामो तथा छोटो दुरीका लागि छुट्ने बस अनिवार्य रुपमा बसपार्क क्षेत्र भित्र पार्किङ्ग गर्नु पर्नेछ ।

**ख) मालबहाक ट्रकः** बजार क्षेत्र भन्दा बाहिर सडकमा सवारी आवगमनलाई बाधा नपुग्ने गरी बजार क्षेत्र भन्दा बाहिर पार्किङ्ग गर्नु पर्नेछ ।

ग) **भेनः** नगरपालिका क्षेत्रभित्र सञ्चालित भेन रामपुर नगरपालिका वडा नं.५ को नहर अफिस टोल क्षेत्रमा पार्किङ्ग गर्नु पर्नेछ ।

घ) **अटोः** नगर क्षेत्र भित्रका अटो वडा नं. ५ को नहर अफिस टोलको पार्किङ्ग स्थलमा पार्किङ्ग गर्नु पर्नेछ ।

ङ) **मोटर साइकलः** बजार क्षेत्रमा मोटर साईकल पार्किङ्ग गर्दा तोकिएको स्थानमा पार्किङ्ग गर्नु पर्नेछ । बेझाँड बजार चोक देखि स्कुलरोड नहर भन्दा तल्लो भाग-पुरानो फिल्म हल,नहर भन्दा माथिको भागमा मोटर साईकल पार्किङ्ग गर्दा हरेक बार फरक फरक सडकको दायाँबायाँ, दरैलाईन फयामेली सपिङ्ग अगाडीको खाली स्थान,पुरानो अटो भेन पार्क,सहकारी पथ हरेक बार सडकको एक दिन दायाँ एक दिन बायाँ,बेझाँड बजार चोकको माथिल्लो रोड हुँदै नहरपुल सम्म एक दिन दायाँ एक दिन बायाँ, नहर अफिस लाईन अटो भेन पार्किङ्ग स्थल,

**१२.विविधः** क) यस कार्यविधि अनुसार कार्य सञ्चालन तथा कार्यान्वयनका लागि कुनै व्यक्ति, फर्म वा संस्थालाई प्रत्येक आर्थिक वर्षको शुरुमा खुल्ला ठेक्का प्रक्रिया मार्फत जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

ख) यस कार्यविध कार्यान्वयन कार्यमा फिल्डमा खटिने नगरपालिका तथा सुरक्षा निकायका कर्मचारीहरुलाई नगरकार्यपालिकाले तोके अनुसरको प्रोत्साहन प्रदान गर्न सकिनेछ ।

**१४. बाधा अड्काउ फुकाउः** यस कार्यविधिमा जे सुकै कुरा लेखिएको भएता पनि संघ र प्रदेश सरकार संग बाझिएको खण्डमा स्वत खारेज हुने छ । साथै आवश्यकता अनुसार कार्यपालिकाले कार्यविधि संशोधन गर्न सक्नेछ ।

**आज्ञाले**
**सुर्य दर्शन पण्डित**
**प्रमुख प्रशासकीय अधिकृत**